आर्थिक बर्ष : २०७६/७७

वैठक संख्या : १२

मिति : २०७६/१०/२१

आमचोक गाउँकार्यपालिकाको वैठक गाउँपालिकाको अध्यक्ष श्री अशोक राईको अध्यक्षतामा देहाय अनुसारको कार्यपालिकाको पदाधीकारीहरुको उपस्थितिमा वसी देहाय अनुसारको निर्णयहरु पारित गरियो ।

<u>तपशिल</u>

| हस्ताक्षर | नाम | पद |
|---|---|---|
| | श्री अशोक राई | : अध्यक्ष |
| | श्री सीता राई | : (उपाध्यक्ष) कार्यपालिका सदस्य |
| | श्री डम्बर बहादुर कार्की | : (वडा अध्यक्ष) कार्यपालिका सदस्य |
| | श्री भिम प्रसाद राई | : (वडा अध्यक्ष) कार्यपालिका सदस्य |
| | श्री गणेश बहादुर खत्री | : (वडा अध्यक्ष) कार्यपालिका सदस्य |
| | श्री नेत्र बहादुर खत्री | : (वडा अध्यक्ष) कार्यपालिका सदस्य |
| | श्री राम प्रसाद राई खालिङ | : (वडा अध्यक्ष) कार्यपालिका सदस्य |
| | श्री बम बहादुर बस्नेत | : (वडा अध्यक्ष) कार्यपालिका सदस्य |
| | श्री राज कुमार राई | : (वडा अध्यक्ष) कार्यपालिका सदस्य |
| | श्री उदि मान श्रेष्ठ | : (वडा अध्यक्ष) कार्यपालिका सदस्य |
| | श्री बम बहादुर श्रेष्ठ | : (वडा अध्यक्ष) कार्यपालिका सदस्य |
| | श्री वाल दिप राई | : (वडा अध्यक्ष) कार्यपालिका सदस्य |
| | श्री तुलसी माया ठाडामगर | : कार्यपालिका सदस्य |
| | श्री पवित्र राई | : कार्यपालिका सदस्य |
| | श्री अमरवहादुर वि.क. | : कार्यपालिका सदस्य |
| | श्री सुक माया राई | : कार्यपालिका सदस्य |
| | श्री लक्ष्मण हायु | : कार्यपालिका सदस्य |
| | श्री याम बहादुर उपरकोटी | : सचिव |

<u>आमन्त्रित</u>

| हस्ताक्षर | नाम | पद |
|---|---|---|
| | श्री गोमादेवी राई | : जिल्ला समन्वय समिति सदस्य |

<u>आमन्त्रित सचिवालयका कर्मचारीहरु</u>

| हस्ताक्षर | नाम | पद |
|---|---|---|
| | धनकुमार राई | : तथ्याङ्क अधिकृत |

प्रमुख प्रशासकीय अधिकृत

आमचोक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बालखा, भोजपुर

**निर्णय नं. १**

हाउजिङ्ग एण्ड हाइड्रो कम्पनी प्रा.लि. ललितपुरको मिति २०७६/०९/१४ को निवेदन अनुसार आमचोक गाउँपालिका वडा नं.३ मा निर्मित एखुवा खोला लघुजलविद्युत आयोजना विगत २०७३ साल असार २६ गतेदेखि डोलिडारको आर्थिक सहयोगमा तत्कालिन जिल्ला विकास समिति,भोजपुर मार्फत संचालन भइरहेको र सम्झौता भए वमोजिम आवश्यक विधुतीय सामानहरुको सिभिल कार्य,खरीद,ढुवानी तथा जडान कार्यको २५ प्रतिशत काम सकेको र सिभिल कार्यमा कुलोको काम ७५ प्रतिशत सम्पन्न भइसकेको अवस्थामा नेपाल सरकारको नया संरचना भए अनुसार उक्त परियोजनामा वजेट अभाव भई स्थगन भएकोले आमचोक गाउँपालिकाले सो आयोजना संचालन गर्नको लागि जिल्ला समन्वय समिति,भोजपुरले मिति २०७६/०९/१३ देखि आमचोक गाउँपालिकालाई आयोजना हस्तान्तरण गरिसकेको अवस्थामा सो योजना संचालन गर्नको लागि हाउजिङ्ग एण्ड हाइड्रो कम्पनी प्रा.लि. ललितपुर र जिल्ला विकास समिति भोजपुर विच भएको सम्झौताको म्याद मिति २०७४/०७/१० देखि समाप्त भएकोले सो कार्यको लागि हाल वजेटको समेत व्यवस्था भइसकेकोले हाउजिङ्ग एण्ड हाइड्रो कम्पनी प्रा.लि. ललितपुरलाई नै निरन्तरता दिइ आयोजना संचालन गर्ने गरी डोलिडार मार्फत सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई म्याद थपको लागि सिफारिस गरिदिनको लागि दिएको निवेदन वमोजिम सोहि कम्पनीलाई म्याद थप गरी कार्य अगाडी वढाउनको संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई सिफारिस गरिदिनको लागि डोलिडारलाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

आमचोक गाउँपालिका अन्तर्गत स्वास्थ्य सेवाको रिक्त दरवन्दीमा स्वास्थ्य सेवा तर्फको सशर्त वजेटको तलव भत्ता शिर्षकबाट व्यवस्था हुने गरी छनौट भएका स्वास्थ्य सेवाका कर्मचारीहरुको विषयमा श्री अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय इटहरीको च.नं.४६२८ मिति २०७६।०५।३१ पत्र अनुसार माग भएको आवश्यक कागजातहरु पठाइ सकिएको र आमचोक गाउँकार्यपालिकको मिति : २०७६/०७/०४ गतेको निर्णय अनुसार २०७६ कार्तिक २४ गतेदेखि नियुक्ति दिइ काम्मा खटाइ सकिएको अवस्थामा पुन श्री अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय इटहरीको च.नं.११८८० मिति २०७६।०९।१३ को पत्र अनुसार माग भएको कागजातहरु पनि पठाइ सकिएको र नियुक्त कर्मचारीहरुले तलव भत्ता उपलव्ध गराइ पाउँभनि गाउँपालिकामा निवेदन समेत दिएकोले भावि दिनमा सम्वन्धित पक्षले छनौट भएको कर्मचारीहरुको विपयमा कुनै निर्णय गरेमा सोहि वमोजिम हुने गरी करार सम्झौतामा उल्लेख भएवमोजिम निजहरुको तलव भत्ता उपलव्ध गराउने निर्णय गरियो ।

**निर्णय नं ३**

जनक्रान्तीको घाइते तथा अपाङ्ग योद्धा संघ केन्द्रीय संगठन समितिको निवेदन वमोजिम सो संगठनको दोश्रो राष्ट्रिय भेला काठमाण्डौमा हुन गइरहेकोले आर्थिक सहयोगको माग भएको हुँदा सो संगठनलाइ नेपाल सरकार राजस्व शिर्षकको चालु अनुदान अन्तर्गतको अन्य सहायता शिर्षकवाट रु २००००। (अक्षेरुपी रु विसहजार मात्र) आर्थिक सहायता उपलव्ध गराउने निर्णय गरियो ।

**निर्णय नं ४**

विराट ज्ञान महायज्ञ मुल समारोह समिति अरुण गाउँपालकाको आयोजनामा विराट ज्ञान महायज्ञ सम्पन्न गरी वहुउद्धेश्यीय संस्था निर्माण गर्नको लागि सहयोग रकमको माग भएकोले नेपाल सरकार राजस्व शिर्षकको चालु अनुदान अन्तर्गतको अन्य सहायता शिर्षकवाट रु ५००००। (अक्षेरुपी रु पचासहजार मात्र) आर्थिक सहायता उपलव्ध गराउने निर्णय गरियो ।

प्रमाणित
प्रमुख प्रशासकीय अधिकृत